# कृषि- मौसम सल्लाह बुलेटिन
# Agro – met Advisory Bulletin (AAB)
## गुर्भाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, शुभघाट, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

**वर्ष-१ अंक-१ अवधि: ११-१७ माघ, २०८१ ११ माघ २०८१**

## मौसमी सारांश:

- गत साता कर्णाली प्रदेशका पहाडी तथा हिमाली भु-भागका साताको सुरुमा एक-दुई स्थानमा हल्का हिमपात र वर्षा भएको छ।
- गत साता गुर्भाकोट न.पा. (मेहेलकुना) मौसम केन्द्रमा औसत अधिकतम तापक्रम २७.५ डि.से., औसत न्यूनतम तापक्रम ६.२ डि.से. र वर्षा ० मि.मि. मापन गरिएको छ।

| आगमी साता (११-१७ माघ, २०८१) को मौसम परिदृष्य<br>साताको शुरु: शुक्रबार, शनिबार साताको मध्य: आइतबार, सोमबार र मंगलबार साताको अन्त्य: बुधबार, बिहीबार | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रदेश | भौगोलिक क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने अवस्था | महत्वपुर्ण मौसम | कैफियत (मौसम प्रणाली) |
| कर्णाली प्रदेश | हिमाल/उच्च पहाड | हल्का हिमपात/ हल्का वर्षा | साताको अन्त्यमा हल्का घट्ने | उल्लेखनिय परिवर्तन नहुने | साताको शुरु र मध्यमा आंशिक बदली देखि मौसम मुख्यतया सफा, साताको अन्त्यमा आंशिक देखि साधारणतया बदली | | साताको अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना |
| | पहाड | | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साताभर आंशिक बदली देखि मौसम मुख्यतया सफा | हुस्सु/कुहिरो | उपत्यका तथा खोंचहरुमा बिहानीपख हुस्सु/कुहिरोको सम्भावना रहेको छ। |

स्रोत: मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग

## कृषि सारांश



प्याजको डढुवा रोग

- जाडोयाममा फलफुलका विरुवाहरु सुषुप्त अवस्थामा पुगेको हुनाले कटिङ्गद्वारा विरुवा प्रशारण गर्न सकिने अनार, अंगुर जस्ता फलफूलमा तीन आँख्ला भएको १५-२० से.मी. लामो साइजको १ वर्ष पुरानो हाँगा छानी वालुवा, माटो र कम्पष्ट मलखाद १:१:१ को अनुपातमा बनाइएको ब्याडमा कटिङ्ग राख्नुहोस्।

- लसुन र प्याजको, प्यजी डढुवा रोग व्यवस्थापनको लागि बारी सफा गरि रोगी पातहरु हटाई खाल्डो खनेर पुर्नुहोस्। रोगको अवस्था हेरि ७ दिनको फरकमा साफ वा शेकटिन जस्ता विषादीहरु २ ग्राम प्रति लिटर पानीका दरले सम्पुर्ण पातहरु भिज्ने गरि ३-४ पटक सम्म छर्केर उपचार गर्नुहोस्।



पहेंलो स्टिकि ट्रयापमा लाहि किरा

- तोरी तथा अन्य बालीमा लाही कीरा लागे-नलागेको नियमित अनुगमन पहेंलो स्टिकि ट्रयाप (yellow sticky trap) बाट गर्नुहोस् र आवश्यकता अनुसार १ भाग गाईको गहुँत र ४ भाग पानी मिसाएर रातभरि राखेर लाहि लागेको ठाउँमा भिज्नेगरि भोलीपल्ट छर्कनुहोस्।
- फलफुल बगैंचामा रोग, किरा लागेका, एक आपसमा जोडिएका, सुकेका, लामा-लामा काँडा भएका तथा सलक्क बढेका चोर हाँगाहरु, कलमी भाग भन्दा तलबाट आएका मुनाहरु र विरुवाको मुल काण्डको ४०-५० से.मी भन्दा तल आएका सबै हाँगाहरु काँटछाँट गरी हटाउनुहोस्।
- कागती र निबुवा खेती गर्नुभएका कृषकहरुले कागतीको पात खन्ने सुलसुले लाग्ने भएकोले करेसाबारीमा भएका बोटमा गाईको गहुँत वा निमको पातको झोल १ भागमा ३ भाग पानी मिसाई ५-५ दिनको फरकमा ३ पटक छर्नुहोस्।



गँहुको कालो पोके रोग

- ड्रागन फ्रुटको फल र डाँठमा लाग्ने क्याङ्कर रोग व्यवस्थापनको लागि प्रोपिकोनाजोल १ एम.एल प्रति लिटर पानीमा वा ब्याकोमिल प्लस ५०% डब्लु.पी २ ग्राम प्रति लिटर पानीको दरले १५ दिनको फरकमा ३-४ पटकसम्म छर्केर उपचार गर्नुहोस्।
- ड्रागन फ्रुटको डाँठमा लाग्ने डाँठ कुहिने रोग व्यवस्थापनको लागि पानीको उचित निकास गर्ने, उचित मात्रामा मलको प्रयोग गर्ने, ट्राइकोडर्मा विषादीले विरुवा उपचार गर्ने र कपर अक्सिक्लोराइड ०.२५% @ २ ग्राम प्रति लिटर पानीमा मिसाई छर्ने।
- प्याजमा स्टेमफाइलियम डढुवा रोग व्यवस्थापनको लागि खेतबारी सफा राख्ने, घाँसपात र बालीका अवशेषहरु जम्मा गरि नष्ट गर्ने र ३ वर्षसम्म घुम्ती बाली अपनाउने (बाली चक्रमा गानो बालीको सट्टा अन्य बाली कोशे बाली वा काउली बाली लगाउने) र रोगको सामान्य लक्षण देखिनासाथ म्यानकोजेव ७५% डब्लु.पी (डाईथेन एम ४५) ०.२५% अथवा कपर अक्सिक्लोराइड ५०% डब्लु.पी ०.३%, १५ दिनको अन्तरालमा छर्ने।



काउलीको गाँठे रोग

- गहुँमा कालो पोके रोग व्यवस्थापनको लागि रोग लागेको बालाबाट धुलो नझर्दै उखेलेर खाल्डोमा गाड्ने अथवा जलाइदिने र कार्बोक्सिन १७.५% + थिराम १७.५% याफ. याफ (जस्तैः भाइटाभेक्स - २००) विषादी २ ग्राम प्रति केजी गहुँको बीउका दरले बीउ उचार गरी छर्ने।
- गहुँमा सिन्दुरे रोग व्यवस्थापनको लागि ट्राइकोडर्मा २ मि.लि. प्रति लिटर पानी मिसाइ छर्ने, सिफारिस मात्रामा मलखादको प्रयोग गर्ने, गहुँको बोट ठुलो भएमा म्यान्कोजेव ७५% डब्लु पी (जस्तै डाइथेन एम ४५) नामक विषादि १.५ - २ के.जी प्रति हे. ७५० लिटर पानीमा मिसाइ १५ दिनको अन्तरमा २-३ पटक छर्कने।
- काउली बाली समुहमा गाँठे रोग व्यवस्थापनको लागि रोगी बोटको जराहरुलाई लगेर जलाउने, कृषि चुनको प्रयोग गर्ने, फ्लुआजिनाम विषादीको धुलो २-३ ग्राम प्रति लिटर पानीमा घोली बोट वरिपरि ड्रेन्चिङ गर्नुहोस्।

- काउली समुहको तरकारि बालीमा बान्दाको पुतली र इट्टा बुट्टे पुतली लाग्न सक्ने भएकाले व्यवस्थापनका लागि स्पिनोस्याड ४५% एस.सी ०.३ एम.एल प्रति लिटरका दरले पानीमा मिसाई किरा लागेको ठाउँमा भिज्नेगरि साँझपख छर्कनुहोस्।



टमाटरमा सेतो झिंगा किरा

- काउली बाली खैरो हुने विकृति देखिएमा ०.२५ – ०.५% बोर्याक्सको झोल बालीमा छर्कनुहोस्।
- गोलभेँडामा लाग्ने गवारो कीरा व्यवस्थापनको लागि १० ग्राम भेली प्रति लिटर पानीमा मिसाई बानाएको घोलमा हेली एन.पि.भी २५० LE को १.५ मि.लि हालेर साँझको समयमा स्प्रे गर्नुहोस् अथवा व्याक्टेरियाजन्य (बि.टी) (डाईपेल, बायोलेप) ३ ग्राम प्रति लिटर पानीमा मिसाएर साँझको समयमा स्प्रे गर्नुहोस् अथवा क्लोरानट्रानिलिप्रोल (कोराजेन) १८.५ इ.सि. ०.४ एम.एल. प्रति लिटर पानीमा मिसाई बोट भिज्नेगरि स्प्रे गर्नुहोस्।
- टमाटरमा सेतो किरा देखिएमा रोगर २ मि.लि प्रति लिटर पानीमा मिसाइ छर्नुहोस्।
- टमाटरमा बेर्ना कुहिने रोग व्यवस्थापनको लागि फर्मालिन (४०%) को ५० मि.लि. प्रति १० लिटर पानीमा मिसाएर एक वर्ग मिटर ब्याडमा उपचर गर्ने र दुई हप्तासम्म प्लास्टिकले छोप्ने वा बेर्ना रोप्न भन्दा अगाडि ट्राइकोडर्मा जैविक विषादी २ मि.लि. प्रति लिटर पानीमा मिसाई बेर्ना उपचार गरि रोप्ने।



टमाटरमा टुप्पा कुहिने विकृति

- टमाटरको फलको टुप्पा कुहिने विकृति देखिएमा माटोको चिस्यान नियमित रुपले उपलब्ध गराउने र क्याल्सियम छर्केर नियन्त्रण गर्न सकिन्छ।
- यो समयमा गर्भिणी अवस्था र दुधालु गाई, भैसीलाई सन्तुलित आहारको साथै मिनरल मिक्स्चर पनि उपलब्ध गराउनुहोस्। साथै पशुहरुको दानामा ५-१० % थप अनाज राखेर शक्तिको मात्रा बढाउनुहोस्।
- खोरेत रोग देखिरहने ठाउँमा रोकथामको लागि पशुहरुमा ६ महिनाको उमेर पुगेपछि पहिलो पटक र प्रत्येक वर्ष खोप दोहोर्याउनुहोस्। प्रकोप बढी देखिने ठाउँमा ६-६ महिनामा दोहोर्याउनुहोस्।
- ब्रोइलर कुखुराहरुको पेटमा पानी जम्ने समस्या कम गर्नका लागि खोरमा दिउँसोको समयमा प्रशस्त हावा खेल्ने बन्दोबस्त मिलाउनुहोस्। आठ दिन भन्दा ठूला चल्लाहरुको खोरमा रातको समयमा ४ घण्टा बत्ति निभाउनुहोस्। सम्भव भएमा २१ दिनपछि गोटि दानाको सट्टामा मास दाना दिंदा, पेटमा पानी जम्ने समस्या केही कम गर्न सकिन्छ। पेटमा पानी जम्ने समस्या धेरै भएमा फरोसेमाइड ४० मिलिग्राम १ लिटर पानीमा घोली दिनको दुई पटक पाँच दिनसम्म खान दिनुहोस्। १० दिन उमेर पछि दिईने दानामा १% का दरले खानेसोडा (सोडियम बाईकार्बोनेट) मिसाई खुवाउनुहोस्। प्रति के.जी कुखुराको दाना ५० ग्राम आलशको तेल मिसाई खान दिंदा पनि यो समस्या कम गर्न सकिन्छ।
- हरेक ३०-३५ दिनमा (प्रत्येक काटाई पश्चात) जै/वर्सिम घाँसमा सिँचाई गरी २.१ के.जी प्रति कठ्ठाका दरले युरिया टपड्रेस गर्नुहोस्।

मौसम सम्बन्धि थप जनकारिको लागि पैसा नलाग्ने जल तथा मौसम विज्ञान विभागको फोन न. ११५५ मा सम्पर्क गर्नहोस्।

कृषि र पशु सम्बन्धि जिज्ञासाको लागि पैसा नलाग्ने नार्कको फोन न. ११३५ मा हरेक सोमबार साँझ ४ देखि ६ बजेसम्म फोन गर्नुहोस्।

कृषि र पशु सम्बन्धि जिज्ञासाको लागि पैसा नलाग्ने किसान कल सेन्टरको फोन न. १६६००१९५००० मा बिहान